# Accountability Watch Committee
# जवाफदेहिता निगरानी समिति

मिति : २०७० पौष १८

## कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धमा सरकार, राजनीतिक दलहरु र नागरिक समाजको दायित्व

### प्रेस विज्ञप्ति

करिब ९ बर्ष अघि गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको चितवन जिल्लामा तत्कालिन नेकपा (माओवादी)का कार्यकर्ताहरुद्वारा हत्या भएको र उक्त हत्यामा संलग्नहरुको कारवाहीको माग गर्दै उनका आमाबुवा गंगामाया अधिकारी र नन्द प्रसाद अधिकारी पहिलो पटक ४८ दिन र दोश्रो पटक ६७ दिन भन्दा बढी भोक हड्तालमा रहँदा पनि घटनाको अनुसन्धान र दोषी पत्ता लगाई कारवाही गर्ने प्रकृयामा सरकार उदासिन रहेको सन्दर्भमा जवाफदेहिता निगरानी समितिको ध्यानाकर्षण भएको छ ।

अधिकारी दम्पतिले आफ्ना छोराको हत्यारा पत्ता लगाई कारवाही गर्न माग राखी भोक हड्तालमा उत्रनुपर्ने अवस्था आउनु हाम्रो जस्तो लोकतान्त्रिक मुलुक र लोकतान्त्रिक चरित्र भएका राजनीतिक दलहका लागि पनि लज्जाको विषय भएको छ । विगत द्वन्द्वकालमा भएका कतिपय मानवता विरोधी जघन्य अपराधका घटनाहरुमा प्रभावकारी अनुसन्धान र दोषीलाई कारवाही गरेमा भविष्यमा यस्ता घटनाहरु दोहोरिने छैनन् भने सरकार र राजनीतिक दलहरुको साख पनि बढ्ने छ । तसर्थ जवाफदेहिता निगरानी समिति गंगामाया र नन्दप्रसाद अधिकारीले माग गरेका न्यायको सम्बन्धमा निम्न बमोजिम गर्न नेपाल सरकार संग आग्रह गर्दछ ।

क) सरकारले कृष्णप्रसाद अधिकारीको हत्याको अनुसन्धानमा स्थानीय अनुसन्धानकर्तालाई सहयोग गर्नको लागि तालिम प्राप्त वरिष्ठ अनुसन्धानकर्ताहरुलाई तुरुन्त चितवन पठाउनु पर्दछ । सम्भावित साक्षिहरु र घटनाको सम्बन्धमा विशेष जानकारी दिने व्यक्तिहरुको सुरक्षाको प्रवन्ध मिलाउनु पर्दछर घटनामा संलग्न आशंका गरिएका व्यक्तिहरुलाई पक्राउ गरी सोधपुछ गर्नुपर्दछ ।

ख) अनुसन्धान कार्यमा अधिकारी दम्पतिले जाहेरीमा आरोपित व्यक्तिहरुमा मात्र सिमित नगरी हत्या गर्ने वास्तविक व्यक्ति को थियो भन्ने पत्ता लगाउन केन्द्रित हुनु पर्दछ ।

ग) यदि  नेपाल प्रहरी लगाएत राज्य प्रशासन उक्त घटनाको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्न असमर्थ भएको खण्डमा अन्तराष्ट्रिय अनुसन्धानकर्ताहरु झिकाउनु पर्दछ ।


**President**

Sushil Pyakurel

**Members**

Dr. Gauri Shankar Lal Das
Prof. Kapil Shrestha
Mandira Sharma
Kanak Mani Dixit
Subodh Pyakurel
Charan Prasai
Dr. Gopal Krishna Siwakoti
Devi Sunuwar
Hari Phuyal
Durga Sob
Dipendra Jha
Govinda Sharma 'Bandi'
Shobhakar Budhathoki
Birendra Thapaliya
Suman Adhikari



***Secretariat:***
Dhobighat, lalitpur
Ph/Fax +977 1 5554115

*Email:*
accountabilitywatch@gmail.com

***Website***
www.awcnepal.org

घ) मुद्दाको प्रगति के भईरहेको छ भन्ने सम्बन्धमा परिवारका सदस्यहरु आम जनतालाई जानकारी दिनुपर्दछ ।

**साथै, जवाफदेहिता निगरानी समिति विश्वास गर्दछ :**

क) लोकतान्त्रिक मूल्य र मान्यता बोकेका भनिएका राजनीतिक दलहरुले उक्त घटनाको स्वतन्त्र र निष्पक्ष अनुसन्धानको वातावरण सिर्जना गर्न सकेनन् भने त्यसको दोष उनीहरुले लिनु पर्दछ ।

ख) भविष्यमा बन्ने भनिएको सत्यनिरुपण तथा मेलमिलाप आयोगको वाहाना बनाएर अपराधिक कार्यको अनुसन्धान र अभियोजन रोक्न मिल्दैन किनकी यस्ता आयोगले गम्भिर प्रकृतिका अपराधहरुमा फौजदारी न्याय प्रणाली सक्रिय रहन रोक्दैन ।

ग) अधिकारी दम्पतिले न्याय प्राप्तिको लागि गान्धीको जस्तो भोक हड्ताल गरी संघर्ष गरेकोमा अन्तर्राष्ट्रिय समुदाय मुकदर्शक भएर बस्न सक्दैन । मानवअधिकार र जवाफदेहिताको लागि गरिएको मागलाई राजनीतिक स्वार्थको कारण सम्झौता गर्न मिल्दैन र यस विषयमा अन्तर्राष्ट्रिय समुदायले आफ्नो धारणा स्पष्ट रुपमा व्यक्त गर्नेछ

द्वन्दकालमा भएका कतिपय मानवता विरोधी जघन्य अपराधिक घटनाहरुमा भविष्यमा बन्ने भनिएको सत्य निरुपण तथा मेलमिलाप आयोगको बाहाना बनाएर अपराधिक कार्यको अनुसन्धान र अभियोजन रोक्न मिल्दैन । किनकी यस्ता आयोगले गम्भिर प्रकृतिका अपराधहरुमा फौजदारी न्याय प्रणाली सक्रिय रहन सक्दैन भन्ने हाम्रो निष्कर्ष छ ।

सुशील प्याकुरेल
अध्यक्ष